जनाएको छन् । नेपाली कम्युनिस्ट पार्टीका सांसद

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

डेब्रिज सामाग्रीको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०७/२० गते)

मिति २०८३/०५/१० गते भोटेकोशी हुँदै त्रिशुली नदीमा आएको भिषण बाढीका कारण गल्छी गाउँपालिका वडा नं. १ को कोशीखोला फाटको पालिकाको क्षेत्राधिकारभित्र रहेको कृषि योग्य जमिनमा थुप्रिएको डेब्रिज (गिटी, ढुङ्गा, बालुवा, माटो) व्यवस्थापन गर्न साझेदार संस्थालाई अनुमती प्रदान गरिएकोमा उक्त स्थानबाट संकलन हुने सामाग्रीको लागि गल्छी गाउँपालिकाको राजस्व परामर्श समिति एवं कार्यपालिकाको निर्णय अनुसार उक्त सामाग्रीको सिलबन्दी दरभाउपत्र मार्फत ठेक्का बन्दोबस्ती गर्ने निर्णय भएकोले उक्त डेब्रिजजन्य सामाग्री ठेक्काको शर्त बमोजिम लिन इच्छुक सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, सूचना यस कार्यालयको वेवसाइट **www.galchhimun.gov.np** मा समेत हेर्न सकिनेछ ।

दरभाउपत्रको विवरण

दरभाउपत्र नं.	दरभाउपत्रको विवरण	कूल परिमाण (घ मि.)	न्यूनतम दरभाउपत्र अंक रू. (मु.अ.कर बाहेक)	दरभाउपत्र फाराम दस्तुर रू.	धरौटी
GRM/SQ/ Debris/ 01/083/84	डेब्रिज सामाग्रीको ठेक्का बन्दोबस्त गर्ने कार्य ।	१७,३५७.०० (सत्र हजार तिन सय सन्ताउन्न घ.मि.)	१७,३५,७००/- (सत्र लाख पैंतिस हजार सात सय रुपैयाँ मात्र)	१,०००.- (एक हजार)	कबोल अङ्कको ५ प्रतिशतले हुन आउने रकम ।

दरभाउपत्र फाराम साथ संलग्न गर्नु पर्ने कागजातहरू

१. फर्म/कम्पनी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि,
२. करदाता प्रमाणपत्रको प्रतिलिपि,
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. कारवाही वा कालो सूचिमा नपरेको स्वःघोषणा,
५. अख्तियारनामा (Letter of Attorney) भएको वा नभएको,
६. धरौटी वापत जम्मा गरेको बैंक भौचर वा तोकिएको बमोजिको विडवण्ड,
७. अन्य केही कुरा खुलाउने भए ।

दरभाउपत्र सम्वन्धी अन्य शर्तहरू:

१. दरभाउपत्र सम्झौता गर्दा कबुल रकम एकमुष्ठ दाखिला गर्नुपर्ने छ ।

किस्ता	किस्ता बुझाउनु पर्ने मिति	दाखिला गर्नु पर्ने रकम रू.
पहिलो	सम्झौताका बखत	कुल कबोल अंकको १०० प्रतिशतले हुन आउने रकम

२. दरभाउपत्र कबोल गर्ने फर्म/कम्पनीले गल्छी गाउँपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु गल्छी गाउँ कार्यपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारबाही गरिनेछ । साथै, सो को विवरण नियमित रुपमा गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।
४. ठेक्कामा कुनै विवाद भएमा गल्छी गाउँपालिका कार्यालयको निर्णय नै अन्तिम हुनेछ । कारण जनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
५. गाउँपालिका लाई बुझाउनु पर्ने वाँकी बक्यौता भएको वा कालो सुचिमा परेको फर्मको दरभाउपत्र स्वीकृत गरिने छैन ।
६. जमानी वापत दरभाउपत्रमा आफुले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा भरेकोलाई मान्यता दिइनेछ ।
७. डेबिज्रजन्य सामाग्री संकलन गर्दा गाउँपालिकाको अनुगमन समितिले दिएको सुझाब एवं निर्देशन पालना गर्नँ सम्बन्धित फर्म/कम्पनीको कर्तव्य हुनेछ ।
८. डेब्रिजजन्य सामाग्री संकलन गर्दा कृषि योग्य जमिनको स्वरुप नबिग्रिने गरी संकलन गर्नु पर्नेछ । साथै, संकलन कार्य सुरक्षा निकाय एवं सरोकारवालाहरुको रोहवरमा गर्नु पर्नेछ ।
९. दरभाउपत्र अवधि गाउँपालिकासँग दरभाउपत्र सम्झौता भएको मितिदेखि २०८३ साल माघ १५ गते सम्म रहनेछ । बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ती दावी गर्न पाईने छैन ।
१०. उल्लेखित दरभाउपत्र कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजश्व दरभाउपत्र लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ र सो को विवरण गाउँपालिकामा पेश गर्नपर्नेछ ।
११. धरौटी बापतको रकम यस कार्यालयको ग्लोवल आई.एम.ई. बैंकको धरौटी खाता नम्बर ०८१०१०१०००००१९१ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र वाणिज्य बैंक जमानत पत्र (बिड बन्डको सक्कल प्रति) दरभाउपत्रमा संलग्न गरी पेश गर्नपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजम फिर्ता गरिनेछ ।
१२. संकलन भएको डेब्रिजजन्य सामाग्री गल्छी गाउँपालिका क्षेत्रभित्र प्रशोधन गर्ने उद्योगहरु (क्रसर/वासिङ) ले प्रयोग गर्ने प्रयोजनको लागि यो शुल्क निर्धारण गरिएको हो । गाउँपालिका क्षेत्र बाहिर निकासी हुँदा तथा गाउँपालिका क्षेत्रभित्रका विकास निर्माणका योजनाहरुमा प्रयोग हुँदा गल्छी गाउँपालिकाको आर्थिक ऐन बमोजिम प्रति घ.फि. मु.अ.कर बाहेक रु. ७- थप शुल्क लाग्नेछ ।
१३. दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको राजस्व शाखामा रहेको आन्तरिक खाता नं. ०८१०१०१०००००१९१ मा दाखिला गर्नुपर्नेछ ।
१४. दरभाउपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै, रित नपुगी आएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
१५. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र साथ संलग्न गरिएको आय दरभाउपत्र सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सुचनाका शर्त सरह लागु हुनेछ ।
१६. यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरु प्रा नभएको दरभाउपत्रहरु मुल्यांकन मा समावेश गरिने छैन ।
१७. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सुचना तथा अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
१८. सबैभन्दा बढी रकम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही दरभाउपत्र प्रस्ताबकको प्रस्ताव सम्झौताको लागि छनौट गरिनेछ ।
१९. दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०८३/०८/०७ गते बेलुका ४:०० बजे सम्म साथै दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति २०८३/०८/०८ गते दिनको १२:०० बजे सम्म रहेनेछ ।
२०. दरभाउपत्र मिति २०८३/०८/०८ गते दिनको २:०० बजे दरभाउपत्रदाताहरुको प्रतिनिधीहरुको रहोबरमा यस गाउँपालिकाको कार्यालय परिसरमा खोलिनेछ । तर उक्त समयमा दरभाउपत्रदाताहरुको प्रतिनिधीहरु उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
२१. दरभाउपत्र फारमहरु खरिद गर्ने दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।
२२. यसमा उल्लेख भएका कुराहरु सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरु सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम हुनेछन् ।
२३. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत